आकाशवाणी

6-09-26 Sunday

मुख्य समाचार ।

- उपराष्ट्रपतिले शिक्षाको उद्देश्य केवल रोजगारीका लागि तयारी गर्नु मात्र नभई जिम्मेवार नागरिक तयार गर्नु पनि हुनुपर्ने बताउनुभयो
- प्रधानमन्त्रीले युवाहरूलाई ठूला सपना देख्दै विश्वको नेतृत्व गर्न अघि बढ्न आह्वान गर्नुभएको छ ।
- गृहमन्त्रीले सन् दुई हजार उनतीस सम्म भारतलाई लागूऔषधमुक्त बनाउने लक्ष्यसहित आगामी तीन वर्षको कार्ययोजना सार्वजनिक गर्नुभएको छ, अनि
- यस महिनाको बाह्र र तेह्र तारिख नयाँ दिल्लीमा हुने BRICS शिखर सम्मेलनको अवसरमा पहिलो iBRICS शिखर सम्मेलन आयोजना गरिने भएको छ।

उपराष्ट्रपति सी. पी. राधाकृष्णन

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले शिक्षाको उद्देश्य केवल रोजगारीका लागि तयारी गर्नु मात्र नभई जिम्मेवार नागरिक तयार गर्नु पनि हुनुपर्ने बताउनुभएको छ। गुवाहाटीमा गीतानगर कलेजको स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गर्दै उहाँले गुणस्तरीय शिक्षा, अनुसन्धान तथा चरित्र निर्माण देशको प्रगतिका लागि आवश्यक रहेको बताउनुभयो। उपराष्ट्रपतिले उच्च शिक्षामा महिलाहरूको बढ्दो सहभागितालाई 'नारी शक्ति'-को प्रतीकका रूपमा उल्लेख गर्नुभयो। उहाँले महिलाहरूलाई शिक्षा र अवसर प्रदान गरी आत्मनिर्भर बनाउनु नै साँचो सशक्तीकरण भएको बताउनुभयो। श्री राधाकृष्णन आजदेखि असमको दुई दिने भ्रमणमा रहनुभएको छ। .......

प्रधानमन्त्री–एसआरसीसी

प्रधानमन्त्री नरेन्द्र मोदीले युवाहरूलाई ठूला सपना देख्दै विश्वको नेतृत्व गर्न अघि बढ्न आह्वान गर्नुभएको छ। नयाँ दिल्लीमा श्रीराम कलेज अफ कमर्स–एस.आर.सी.सी-को शताब्दी समारोहलाई सम्बोधन गर्दै उहाँले भारतीय नागरिकले विश्वका ठूला कम्पनीको नेतृत्व गर्न सक्ने भएकाले भारतीय कम्पनीहरूले पनि विश्वको नेतृत्व गर्न सक्ने बताउनुभयो। प्रधानमन्त्रीले युवाहरूलाई युनिकर्न कम्पनी निर्माण, ड्रोन प्रविधिमा नवप्रवर्तन तथा कृत्रिम बुद्धिमत्ताका क्षेत्रमा नयाँ समाधान विकास गर्न आह्वान गर्नुभयो। उहाँले विश्वव्यापी चुनौतीका बीच भारतको सात दशमलव आठ प्रतिशत त्रैमासिक आर्थिक वृद्धि देशको क्षमताको प्रमाण भएको बताउनुभयो। ‘मेक इन इन्डिया’को सफलताको उल्लेख गर्दै उहाँले भारत प्रमुख निर्यातकर्ता राष्ट्रका रूपमा अघि बढिरहेको बताउनुभयो।

अमित शाह–गोवा भ्रमण

गृहमन्त्री अमित शाहले सन् दुई हजार उनतीस सम्म भारतलाई लागू- औषधमुक्त बनाउने लक्ष्यसहित आगामी तीन वर्षको कार्ययोजना सार्वजनिक गर्नुभएको छ। गोवामा बोल्दै उहाँले लागूऔषध विरुद्ध देशव्यापी समन्वयात्मक अभियान सञ्चालन गर्न आह्वान गर्नुभयो। गृहमन्त्रीले सन् दुई हजार चौधदेखि दुई हजार चौबीस सम्म एक करोड उन्नाइस लाख किलोग्राम भन्दा बढी लागूऔषध बरामद गरिएको बताउनुभयो। यस अवधिमा अठ्चालीस लाख छ्यासट्ठी हजार किलोग्रामभन्दा बढी लागूऔषध नष्ट गरिएको छ। उहाँले कार्ययोजना खुफिया सूचना तथा कारबाही, रासायनिक पदार्थ र सिन्थेटिक ड्रग्स नियन्त्रण, माग तथा हानि न्यूनीकरण र क्षमता विकास तथा समन्वय गरी चार प्रमुख स्तम्भमा आधारित रहेको बताउनुभयो। आगामी तीन वर्षमा एक सय अन्तर्राष्ट्रिय तथा अन्तरराज्यीय ड्रग नेटवर्क ध्वस्त पार्ने, एक सय फरार अभियुक्तलाई भारत ल्याउने र एक सय अवैध ड्रग प्रयोगशाला नष्ट गर्ने लक्ष्य राखिएको छ।

साथै, पचास करोड मानिससम्म अभियान पुऱ्याई एक लाख 'नशामुक्त मित्र' तयार गर्ने र देशभर नशामुक्ति केन्द्रको संख्या बढाएर एक हजार सात सय एकाउन्न पुऱ्याइनेछ। ……

iBRICS शिखर सम्मेलन

यस महिनाको बाह्र र तेह्र तारिख नयाँ दिल्लीमा हुने BRICS शिखर सम्मेलनको अवसरमा पहिलो iBRICS शिखर सम्मेलन आयोजना गरिने भएको छ। यस सम्मेलनमा पाँच सयभन्दा बढी संस्थागत लगानीकर्ता, अर्थमन्त्री तथा व्यवसायी नेताहरू सहभागी हुनेछन्। दुई दिनसम्म चल्ने यस सम्मेलनको उद्देश्य BRICS का सदस्य तथा साझेदार देशहरूमा पूर्वाधार, ऊर्जा र डिजिटल क्षेत्रका परियोजनामा सरकारी तथा संस्थागत लगानी जुटाउनु रहेको छ। सम्मेलनमा सहभागी हुने सार्वभौम सम्पत्ति कोष, पेन्सन कोष तथा पारिवारिक लगानी कार्यालयहरूले करिब एक ट्रिलियन अमेरिकी डलर बराबरको सम्पत्ति व्यवस्थापन गरिरहेका छन्।

सम्मेलनमा BRICS देशहरूबीच सीमापार लगानी, अमेरिकी डलरबाहेक अन्य मुद्रामा भुक्तानी तथा नयाँ भुक्तानी प्रणालीबारे छलफल हुनेछ। भारतको युनिफाइड पेमेन्ट्स इन्टरफेस (UPI) र ब्राजिलको Pix जस्ता तीव्र भुक्तानी प्रणालीलाई आपसमा जोड्ने विषयमा पनि छलफल हुने अपेक्षा गरिएको छ। साथै, केन्द्रीय बेङ्कका डिजिटल मुद्राबीच आपसी प्रयोग गर्न सकिने प्रणालीबारे पनि छलफल हुनेछ।

समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ। gong 1

## राजनाथ सिंह–श्रीलंका भ्रमण

रक्षा मन्त्री राजनाथ सिंह मंगलबारदेखि तीन दिने श्रीलंका भ्रमणमा जानुहुनेछ। भ्रमणका क्रममा रक्षामन्त्रीले श्रीलंकाका नेताहरूसँग तथा कोलम्बोमा भारतीय समुदायसँग भेटघाट तथा संवाद गर्नुहुनेछ। श्री सिंहले रक्षा मन्त्रालय र विदेश मन्त्रालयका वरिष्ठ अधिकारीहरू सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुनेछ। रक्षामन्त्रीको यो भ्रमणले भारत र श्रीलंकाबीच परम्परागत रूपमा रहँदै आएको सुदृढ द्विपक्षीय सम्बन्धलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ। भ्रमणका क्रममा समुद्री सुरक्षा तथा रक्षा क्षेत्रलगायतका विषयमा दुई देशबीचको साझेदारीलाई थप मजबुत बनाउने विषयमा छलफल हुनेछ।

## मध्य प्रदेश – मुख्यमन्त्रीको दुबई भ्रमण

मध्य प्रदेशका मुख्यमन्त्री डा. मोहन यादव आजदेखि तीन दिने दुबई भ्रमणमा प्रस्थान गर्नुभएकोछ । यस भ्रमणका क्रममा उहाँले संयुक्त अरब इमिरेट्सका प्रमुख लगानीकर्ता तथा व्यापारिक समूहका प्रतिनिधिहरूसँग भेटवार्ता गर्नुहुनेछ। उहाँले मध्य प्रदेशमा लगानीका अवसर तथा नयाँ उद्योग स्थापनाका विषयमा छलफल गर्नुहुनेछ। उहाँ ए.आई.एम कांग्रेस दुई हजार छब्बिसमा पनि सहभागी हुनुहुनेछ। यस क्रममा विश्वका लगानीकर्ताहरूसमक्ष मध्य प्रदेशको औद्योगिक तथा पर्यटन क्षेत्रको सम्भावना प्रस्तुत गरिनेछ। भ्रमणका क्रममा मुख्यमन्त्रीले मध्य प्रदेश मण्डपको उद्घाटन गर्नुका साथै लगानी सत्रलाई सम्बोधन गर्नुहुनेछ। उहाँले भारतीय समुदायका सदस्यहरूसँग पनि भेटघाट गर्नुहुनेछ र मध्य प्रदेशका स्थानीय उत्पादनहरूको प्रदर्शनीको उद्घाटन गर्नुहुनेछ। मुख्यमन्त्रीले लुलु ग्रुप, डीपी वर्ल्ड र एमार ग्रुप लगायत प्रमुख व्यापारिक समूहका प्रतिनिधिहरूसँग भेटवार्ता गर्नुहुनेछ। उहाँले शारजाहमा उद्योग क्षेत्रका प्रतिनिधिहरूसँग पनि बैठक गर्नुहुनेछ।

मुख्यमन्त्रीले लगानीकर्ताहरूलाई मध्य प्रदेशमा उपलब्ध सुविधा तथा लगानीका अवसरबारे जानकारी गराउनुहुनेछ। उहाँले उनीहरूलाई ग्लोबल इन्भेस्टर्स समिट दुई हजार सत्ताइसमा सहभागी हुन निमन्त्रणा पनि दिनुहुनेछ।

मौसम

मौसम विभागले आज हरियाणा, चण्डीगढ, पञ्जाब, उत्तर प्रदेश र राजस्थानमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। बिहार, उत्तराखण्ड, मध्य प्रदेश, पश्चिम बङ्गाल तथा पूर्वोत्तर भारतका केही भागमा भोलिसम्म वर्षा हुने सम्भावना रहेको छ। यसैबीच, राजधानी दिल्लीमा लगातार दोस्रो दिन पनि वर्षा भइरहेको छ। वर्षाका कारण विभिन्न क्षेत्रमा जल-जमाव भएको छ भने यातायातको गति पनि सुस्त भएको छ। साथै, जम्मु–कश्मीर, झारखण्ड र छत्तीसगढमा भोलि चट्याङ पर्ने सम्भावना रहेको मौसम विभागले जनाएको छ।

मुख्य समाचार फेरी एकपल्ट

- उपराष्ट्रपतिले शिक्षाको उद्देश्य केवल रोजगारीका लागि तयारी गर्नु मात्र नभई जिम्मेवार नागरिक तयार गर्नु पनि हुनुपर्ने बताउनुभयो
- प्रधानमन्त्रीले युवाहरूलाई ठूला सपना देख्दै विश्वको नेतृत्व गर्न अघि बढ्न आह्वान गर्नुभएको छ ।
- गृहमन्त्रीले सन् दुई हजार उनन्तीससम्म भारतलाई लागूऔषधमुक्त बनाउने लक्ष्यसहित आगामी तीन वर्षको कार्ययोजना सार्वजनिक गर्नुभएको छ, अनि
- यस महिनाको बाह्र र तेह्र तारिख नयाँ दिल्लीमा हुने BRICS शिखर सम्मेलनको अवसरमा पहिलो iBRICS शिखर सम्मेलन आयोजना गरिने भएको छ।